आज मिति २०७७ माघ १६ गते शुक्रबारको दिन दिउँसो १२:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०१ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/१०/१४ गते नगर प्रमुखज्यूबाट मिति २०७७/१०/१६ गते नगर कार्यपालिकाको १०१ औं कार्यपालिका बैठकमा पेश गर्ने आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | नगर सभा सम्बन्धमा । | • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम नगर सभाको बैठक सामान्यतया वर्षको २ पटक बस्नेछ भन्ने व्यवस्था भएकोमा दफा १९ को उपदफा ४ बमोजिम नगर सभाको बैठक नगर प्रमुखले बोलाउने व्यवस्था भए अनुरुप नगर प्रमुखज्यूको प्रस्ताव अनुसार २०७७ फागुन ९ गते छैठौं नगर सभाको बैठक गर्ने । |
| २. | प्रदेश समपुरक/विशेष अनुदान आयोजना छनौट सम्बन्धमा । | • आगामी आ.ब.०७८/०७९ को लागी प्रदेश समपुरक अनुदान सम्बन्धी आयोजना/कार्यक्रम को प्रस्ताव प्रदेश समपुरक अनुदान कार्यविधि, २०७७ बमोजिम निम्नानुसारका आयोजनाहरु यस नगरपालिकाको समपुरक कोषबाट ५० प्रतिशत लागत सहभागिता हुने गरी तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. डाँडिखेल मोटर बाटो स्तरोन्नती (कृषि सडक) क्रमागत, द.न.पा.९<br>२. ठसिगाँउ मोटर बाटो स्तरोन्नती (कृषि सडक) क्रमागत, द.न.पा.८<br>३. पाखाचोक दक्षिणकाली सडक स्तरोन्नती (कृषि सडक), द.न.पा.२ र ७<br>४. चन्द्रज्योती पावरहाउस उद्यान निर्माण, द.न.पा.२ र ३<br>५. चाल्नाखेल बृहत खानेपानी आयोजना, द.न.पा.१<br>६. खेल मैदान (पहिरो) निर्माण, द.न.पा.३<br>७. दक्षिणकाली गेटबाट द.न.पा.६ फुल्चोक हुदैं हुमाने जाने कृषि सडक स्तरोन्नती , द.न.पा.६ र ९<br>• आगामी आ.ब.०७८/०७९ को लागी प्रदेश विशेष अनुदान सम्बन्धी आयोजना/कार्यक्रमको प्रस्ताव प्रदेश विशेष अनुदान कार्यविधि, २०७७ बमोजिम निम्नानुसारका आयोजनाहरु यस नगरपालिकाबाट तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. चिस्यान केन्द्र निर्माण, द.न.पा.८<br>२. द.न.पा.९ बस्ती पुर्नस्थापना (पहिरोको जोखिमबाट)<br>३. उद्यमशिलता विकास (पिछडिएका क्षेत्र विशेष कार्यक्रम)<br>४. अल्पसंख्यक र पिछडिएका समुदायहरुको उत्थान कार्यक्रम<br>५. कृषि संकलन केन्द्र निर्माण, द.न.पा.७<br>६. समुदायको लागी खानेपानी आयोजना, द.न.पा.४<br>७. खुल्ला महिला विद्यालय एवं साक्षरता कार्यक्रम, द.न.पा.१ |
| ३. | सडक बोर्ड आयोजना छनौट सम्बन्धमा । | • चालु आ.ब.०७७/०७८ मा स्थानीय सडक मर्मत सम्भार कार्यका लागी सडक बोर्ड नेपालको च.नं.४५२, मिति २०७७/०८/१४ को पत्रानुसार यस नगरपालिकाको लागि विनियोजित बजेट रु.३७,००,०००।- बाट तपसिल बमोजिमका आयोजनाहरु सञ्चालन गर्ने । |

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | **तपसिल**<br>१. द.न.पा.१ चाल्नाखेलबाट चन्द्रज्योती पावरहाउस हुदैं वडा नं.७ को दक्षिणकाली गेट जोडिने सडक मर्मत सम्भार रु.३७,००,०००।-<br>• चालु आ.ब.०७७/०७८ मा स्थानीय सडक मर्मत सम्भार कार्यका लागी सडक बोर्ड नेपालको च.नं.६६८, मिति २०७७/०९/२४ को पत्रानुसार यस नगरपालिकाको लागि विनियोजित थप बजेट रु.३७,००,०००।- बाट तपसिल बमोजिमका आयोजनाहरु सञ्चालन गर्ने ।<br>**तपसिल**<br>१. द.न.पा.७ वडा कार्यालय पछाडीबाट निमिटोल हुदै भुकुनडाँडाँ जाने सडक मर्मत सम्भार रु.३७,००,०००।- |
| ४. | नगरपालिका प्रशासनिक भवन निर्माण सम्बन्धमा । | • यस नगरपालिकाको आफ्नै प्रशासनीक भवन नहुदाँ नगरबासीहरुलाई सहज रुपमा सेवा प्रवाह गर्न विद्यमान अवस्थामा समस्या भएको हुदाँ पाँचौ नगर सभाको निर्णयानुसार यस नगरपालिका कार्यालयको च.नं.१०८१, मिति २०७७/०९/०५ को पत्रबाट नेपाल ट्रष्टको नाममा रहेको यस नगरपालिका वडा नं.५ स्थीत त्रिभुवन आदर्श मा.वि.ले प्रयोग गर्दै आईरहेको ६८-०-०-० जग्गा मध्ये नेपाल ट्रष्टको निर्णय बमोजिम लिज रकम तिर्ने गरी प्रशासनीक कार्यालय भवन निर्माण गर्न वा अन्य उपयुक्त हुने स्थानमा प्रशासनीक भवन निर्माण गर्न उपयुक्त स्थानमा खोजी गर्न अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।<br>**तपसिल**<br>१. संयोजक, नगर उपप्रमुख बसन्ती तामाङ डंगोल<br>२. सदस्य, ५ नं वडा अध्यक्ष श्याम बहादुर खत्री<br>३. सदस्य, ७ नं वडा अध्यक्ष हरि प्रसाद तिमल्सेना<br>४. सदस्य, ९ नं वडा अध्यक्ष अमृका बलामी<br>५. सदस्य, कार्यपालिका सदस्य राजेश परियार<br>६. सदस्य, कार्यपालिका सदस्य लक्ष्मी पौडेल<br>७. सदस्य सचिव, यो.अ.तथा प्र.अ.दिपक कुमार के.सी. |
| ५. | १५ शैयाको आधारभुत अस्पताल निर्माण थप प्रक्रिया सम्बन्धमा । | • आधारभुत अस्पताल निर्माण गर्न चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्र वा अन्य उपयुक्त स्थानमा ठाउँ छनौटको लागी अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिम कार्यदल गठन गर्ने ।<br>**तपसिल**<br>१. संयोजक, नगर उपप्रमुख बसन्ती तामाङ डंगोल<br>२. सदस्य, ५ नं वडा अध्यक्ष श्याम बहादुर खत्री<br>३. सदस्य, ७ नं वडा अध्यक्ष हरि प्रसाद तिमल्सेना<br>४. सदस्य, ९ नं वडा अध्यक्ष अमृका बलामी<br>५. सदस्य, कार्यपालिका सदस्य राजेश परियार |

<table>
<tr><td></td><td></td><td>६. सदस्य, कार्यपालिका सदस्य लक्ष्मी पौडेल<br>७. सदस्य सचिव, यो.अ.तथा प्र.अ.दिपक कुमार के.सी.</td></tr>
<tr><td>६.</td><td>कार्यालय सञ्चालनको लागी घर भाडा सम्बन्धमा ।</td><td>• हाल यस नगर कार्यपालिकाको कार्यालयको मुख्य प्रशासनीक कार्यालय सञ्चालन रहेको भवनमा सम्पूर्ण शाखाहरु मार्फत् सेवा प्रवाह गर्नको लागी पर्याप्त मात्रामा स्थान नभएको कारण विभिन्न स्थानहरुमा विषयगत शाखाहरु रहि छरिएर सेवा प्रवाह गर्नु पर्दा नगरबासीहरुमा पर्न गएको असुविधालाई मध्यनजर गर्दै नगरपालिकाको मुख्य प्रशासनीक भवनसँगै रहेको उपयुक्त भवन सार्वजनिक खरिद नियमावली, २०६४ को परिधिभित्र रही सोझै वार्ताबाट भाडामा लिई सहज रुपमा सेवा प्रवाह गर्ने ।</td></tr>
<tr><td>७.</td><td>हुमाने भञ्याङ्गमा अस्थायी प्रहरी चौकी निर्माण सम्बन्धमा ।</td><td>• संघीय राजधानी काठमाडौं प्रवेश गर्ने एक प्रमुख नाकाको रुपमा रहेको यस दक्षिणकाली नगरपालिका वडा नं. ९ को हुमाने भञ्याङ्ग नाका (काठमाडौं जिल्ला प्रवेश गर्ने दक्षिणी नाका) मा नगरपालिका तथा काठमाडौं जिल्लाको सुरक्षा व्यवस्था प्रभावकारी बनाउनको लागी चौबिसै घण्टा प्रहरीको चेकजाँच आवश्यक भएको भनि जनगुनासो समेत प्राप्त भएको र सो स्थानमा हालको लागी अस्थाई प्रहरी चौकी स्थापना गरी सञ्चालनमा ल्याउनु पर्ने आवश्यकता महसुस भएकोले माथी उल्लेखित स्थानमा अस्थाई प्रहरी चौकी स्थापनार्थ रकम रु.१०,००,०००।- (दश लाख) मर्मत सम्भार कोषबाट विनियोजन गर्ने ।</td></tr>
<tr><td>८.</td><td>भवन निर्माण अनुमति म्याद थप सम्बन्धमा ।</td><td>• यस नगरपालिकाबाट भवन निर्माणका लागी अनुमति लिई दुई वर्ष व्यतित भईसकेका व्यक्ति तथा कम्पनीहरुले अनुमतिको म्याद थपको लागी आवेदन प्राप्त भएको हुदाँ स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३८ बमोजिम दुई वर्ष अवधि व्यतित भए पश्चात् दरखास्त दिन आएमा पहिलेको दस्तुरको थप १० प्रतिशत (स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ को दफा ३८ को उपदफा ३ बमोजिम ५ प्रतिशत र थप १० प्रतिशत जरिवाना) जरिवाना लिई दुई वर्षको लागी म्याद थप गर्ने ।</td></tr>
<tr><td>९.</td><td>ब्रम्हानन्द सरस्वती ग्राम बोसनको नामाकरण सम्बन्धमा ।</td><td>• यस नगरपालिका वडा नं. १ मा रहेको महर्षि विद्यालय क्षेत्रलाई ब्रम्हानन्द सरस्वती ग्राम बोसनको नामाकरण गर्ने ।</td></tr>
<tr><td>१०.</td><td>विविध ।</td><td>• यस नगरपालिकाको नाममा रहेको दमकल हाल कुन अवस्थामा रहेको र उक्त दमकल व्यवस्थापनका लागी निम्नानुसारको समितिबाट प्रतिवेदन लिई व्यवस्थापन गर्ने ।<br>१. संयोजक : श्री पुष्कर खड्का, ४ नं. वडा अध्यक्ष<br>२. सदस्यः श्री जय थापामगर, १ नं. वडा अध्यक्ष<br>३. सदस्य सचिवः श्री सुवन दवाडी, प्रशासन शाखा<br><br>• चालु आ.ब.को पूर्वाधार निर्माण ६०/४० योजना तर्फबाट सञ्चालन हुने गरी निम्न योजनाहरु सम्झौता गर्ने ।<br><table><tr><th>क्र. सं.</th><th>वडा नं.</th><th>योजनाको विवरण</th><th>लागत अनुमान</th><th>नगरपालिकाले बेहोर्ने रकम</th><th>उपभोक्ताले बेहोर्ने रकम</th></tr><tr><td>१</td><td>४</td><td>ठूलो ढुङ्गाबाट सातमूल जाने बाटो</td><td>रु.३५,००,७५०।-</td><td>रु.२१,००,०००।-</td><td>रु.१४,००,०००।-</td></tr></table></td></tr>
</table>

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत